# मेलुङ गाउँपालिका
## कार्यपालिका बैठक

आज मिति २०७७/१२/०३ गते मङ्गलबारका दिन मेलुङ गाउँपालिकाका अध्यक्ष श्री नर बहादुर श्रेष्ठज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपशील बमोजिमका प्रस्तावहरु उपर छलफल गरी तपशील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| सि.नं. | नाम, थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री नर बहादुर श्रेष्ठ | अध्यक्ष | गाउँपालिका | |
| २. | श्री कल्पना भण्डारी | उपाध्यक्ष | गाउँपालिका | |
| ३. | श्री ईश्वर कोइराला | वडा अध्यक्ष | मेलुङ-१, पवटी | |
| ४. | श्री जितबहादुर भण्डारी | वडा अध्यक्ष | मेलुङ-२ सुकाठोकर | |
| ५. | श्री हिरा कुमार तामाङ | वडा अध्यक्ष | मेलुङ-३, घ्याङ | |
| ६. | श्री छत्र बहादुर तामाङ | वडा अध्यक्ष | मेलुङ-४, भेड्पु | |
| ७. | श्री मान बहादुर मगर | वडा अध्यक्ष | मेलुङ-५, डाँडाखर्क | |
| ८. | श्री कुसुम लामा | वडा अध्यक्ष | मेलुङ-६, मेलुङ | |
| ९. | श्री नवराज खड्का | वडा अध्यक्ष | मेलुङ-७, विरौटा | |
| १०. | श्री सविना आचार्य | महिला सदस्य | मेलुङ-१, पवटी | |
| ११. | श्री कुमारी तामाङ | महिला सदस्य | मेलुङ-३, घ्याङ | |
| १२. | श्री अम्बिका खड्का | महिला सदस्य | मेलुङ-४, भेड्पु | |
| १३. | श्री बिमला नेपाली | महिला सदस्य | मेलुङ-७, विरौटा | |
| १४. | श्री रेखा तिरुवा | दलित वा अल्पसंख्यक सदस्य | गाउँपालिका | |
| १५. | श्री इन्द्र सिं कामी | दलित वा अल्पसंख्यक सदस्य | गाउँपालिका | |
| १६. | श्री महेन्द्र विश्वकर्मा | सदस्य सचिव | गाउँपालिका | |

आमन्त्रित सदस्य :

१. श्री योगराज गाउँले (प्रशिक्षक)
२. श्री ओमप्रसाद सुवेदी (प्रशिक्षक, प्र.प्र.अ. गोकुलगंगा गाउँपालिका रामेछाप)
३. श्री सन्तोष पौड्याल, अधिकृत छैठौं, प्रशासन शाखा
४. श्री नवराज सापकोटा, शिक्षा अधिकृत
५. श्री कृष्णभरोसा बस्नेत, ईन्जिनियर
६. श्री विपना सूर्यवंशी, लेखा सहायक

७. श्री सुरेश भण्डारी, सूचना प्रविधि अधिकृत
८. श्री हरिराम चापागाई, स्वास्थ्य संयोजक
९. श्री अर्जुन प्रसाद दहाल, न्यायिक सहजकर्ता
१०. श्री देवानन्द तिमिल्सिना, आ.ले.प
११. श्री. रुपेश अधिकारी, कम्प्युटर अपरेटर

प्रस्तावहरु:

प्रस्तावनं १- मेलुङ गाउँपालिकाको आ.व. २०७६/७७ को संस्थागत क्षमता मूल्याङ्कनबाट प्राप्त अन्तिम नतिजालाई अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २-विषयगत क्षेत्रमा संस्थागत क्षमताको मूल्याङ्कनबाट प्राप्त अन्तिम नतिजाको समीक्षा गर्ने सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १ - प्रस्ताव नं.१ उपर छलफलगर्दा मेलुङ गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रदेश सुशासन केन्द्र जावलाखेलबाट सहयोग र सहजीकरणको लागि खटिएका प्रशिक्षक योगराज थपलिया र ओमप्रसाद सुवेदीले मिति २०७७।११।२९देखि २०७७।१२।३ गतेसम्म ४ दिन स्थानीयतह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ बमोजिम प्रथमै नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु र शाखा प्रमुख कर्मचारीहरु समेतलाई स्वमूल्याङ्कनको उद्देश्य र विधिबारे जानकारी दिई प्रशिक्षित गरिएको र कार्यविधिमा उल्लेखित सूचकहरुको प्रशिक्षकको सहयोगमा लेखाजोखा गरी प्राप्त भएको प्रारम्भिक नतिजा उपर आजको गाउँकार्यपालिकाको बैठकमा छलफल गरी उल्लेखित सूचकहरुको स्वमूल्याङ्कनबाट प्राप्त अन्तिम नतिजा/प्राप्ताङ्क ३६.५ (छत्तीस दशमलव पाँच) लाई सूचकगत रुपमा देहाय बमोजिम विश्लेषण गरी कार्यविधिको दफा ४ (ज) बमोजिम सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

स्वमूल्याङ्कनबाट प्राप्त प्रारम्भिक नतिजा/प्राप्ताङ्क

| क्र.स. | विषय क्षेत्र | पूर्णाङ्क | समग्र अवस्था | प्रक्रियागत अवस्था | परिमाणात्मक अवस्था | जम्मा प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | २ | २ | १ | ५ | |
| २ | सङ्गठन तथा प्रशासन | ८ | ० | १ | १ | २ | |
| ३ | बार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन | ११ | १ | १ | ३ | ५ | |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ० | १ | १ | २ | |
| ५ | सार्वजनिक सेवा प्रवाह | १६ | ०.७५ | १.५ | ६.५ | ८.७५ | |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | १ | २ | २ | ५ | |
| ७ | भौतिक पूर्वाधार | १३ | ० | १ | ०.५ | १.५ | |
| ८ | सामाजिक समावेशीकरण | १० | १ | ० | १ | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ०.७५ | ० | ३.५ | ४.२५ | |
| १० | सहकार्य तथा समन्वय | ६ | ० | ० | १ | १ | |
| जम्मा नतिजा/प्राप्ताङ्क | | १०० | ६.५ | ९.५ | २०.५ | ३६.५ | |

निर्णय नं.२ -प्रस्ताव नं.२ उपर छलफल गर्दा मेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को विषयगत क्षेत्रमा संस्थागत क्षमताको स्वमूल्याङ्कनबाट प्राप्त नतिजाको समीक्षा गर्दा सबैभन्दा उत्कृष्ट विषयक्षेत्र न्यायिक कार्यसम्पादन भएको र सो क्षेत्रमा प्रारम्भिक नतिजा ५ (पाँच) अर्थात ७१.४२ प्रतिशत अंक प्राप्त भएकोले मेलङ गाउँपालिकाको न्यायिक समितिलाई आजको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले धन्यवाद दिने निर्णय गरियो साथै न्यायिक क्षेत्रको कार्यसम्पादन लाई आगामी दिनमा पनि निरन्तरता दिदै सबैभन्दा कम १.५ (एक दशमलव पाँच) अर्थात ११.५३ प्रतिशत अंक प्रारम्भिक नतिजा/प्राप्ताङ्क भएको विषय क्षेत्र भौतिक पूर्वाधार भएकोले सो सूचकको सुधारका लागि आगामी दिनमा स्तरोन्नति गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।